आज मिति २०८१ असार ५ गते बुधवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८०/८१ को सोहौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स. | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स. | श्री सायरा परियार | | |
| १७ | न.का.स. | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स. | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स. | श्री शान्ता राई | | |
| २० | न.का.स. | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स. | श्री सरिता घले | | |
| २२ | न.का.स. | श्री वच्चुराज वस्याल | | |

अनुपकुमार राई

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सम्वन्धमा | संलग्न अनुसूचि बमोजिम टोखा नगरपालिकाको आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशन बैठकमा पेश गर्ने । |
| ३ | आर्थिक बर्ष २०८०/८१ को जेठ मसान्त सम्मको आय-व्यय सम्वन्धमा | टोखा नगरपालिकाको चालु आर्थिक बर्ष २०८०/८१ को २०८१ जेठ मसान्त सम्मको कूल आय रु १ अर्व ५५ करोड ३५ लाख ९९ हजार र कूल व्यय रु ९१ करोड ७९ लाख ३२ हजारलाई स्वीकृत गरी संलग्न अनुसूचि बमोजिम नगरसभाको १५ औं अधिवेशन बैठकमा पेश गर्ने । |
| ४ | आर्थिक बर्ष २०८०/८१ को संशोधित एवं २०८१/८२ को आय-व्ययको अनुमान सम्वन्धमा | संलग्न अनुसूचि बमोजिम टोखा नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को संशोधित आय-व्यय र आर्थिक बर्ष २०८१/८२ को अनुमानित आय-व्ययको विवरण सहितको बजेट वक्तव्यलाई स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशन बैठकमा पेश गर्ने । |
| ५ | आर्थिक बर्ष २०८१/८२ को आर्थिक विधेयकको मस्यौदा सम्वन्धमा | संलग्न अनुसूचि बमोजिम टोखा नगरपालिकाको आर्थिक विधेयक, २०८१ स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशन बैठकमा पेश गर्ने । |
| ६ | आर्थिक बर्ष २०८१/८२ को विनियोजन विधेयकको मस्यौदा सम्वन्धमा | संलग्न अनुसूचि बमोजिम टोखा नगरपालिकाको विनियोजन विधेयक, २०८१ स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशन बैठकमा पेश गर्ने ।विनियोजन विधेयक बमोजिम आर्थिक बर्ष २०८१/८२ मा संचालन हुने आयोजना तथा कार्यक्रम स्वीकृत गरी नगरसभाको १५ अधिवेशन बैठकमा पेश गर्ने । |
| ७ | आ.व. २०७९/८० को अन्तिम लेखा परीक्षण प्रतिवेदन उपर छलफल सम्वन्धमा | महालेखा परीक्षकको कार्यालयबाट प्राप्त टोखा नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरियो। प्रतिवेदनमा उल्लेख भएका बेरुजु मध्ये टोखा नगरपालिकाको लेखा समितिवाट फर्छ्यौटको लागि सिफारिस भएको तपशिल वमोजिम विभिन्न दफाहरुमा उल्लेखित रु ४०९८७८४१/७७( चार करोड नौ लाख सतासी हजार आठ सय एकचालिस रुपैयाँ पैसा सतहत्तर मात्र (रकम वेरुजु फछ्यौंटको लागि नगरसभाको १५ औं अधिवेशन बैठकमा पेश गर्ने । |

| आ.ब. | वेरुजुको दफा नं. | रकम |
|---|---|---|

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | |
|---|---|---|---|---|
| | | २०७९/८० | ३८ | ११७२५० |
| | | | ४६ | ५२०००० |
| | | | ७६ | २१०८४५२४ |
| | | | ७८(१) | १५९८८७०६.५३ |
| | | | ७८(२) | २६५०७२९.२४ |
| | | | ७८(३) | १६८०८२ |
| | | | ७८(४) | ३७८५५० |
| | | | कूल जम्मा | ४०९८७८४१.७७ |
| ८ | आर्थिक बर्ष २०८१/८२-२०८३/८४ को मध्यमकालिन खर्च संरचना सम्वन्धमा | टोखा नगरपालिकाको आर्थिक बर्ष २०८१/८२ देखि २०८३/८४ सम्मको मध्यमकालिन खर्च संरचना नगरसभाको १५ औं अधिवेशन बैठकमा पेश गर्ने । | | |
| ९ | बालबालिकाको अधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी रणनीति तथा कार्ययोजना स्वीकृत सम्वन्धमा | बालबालिकाको अधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी रणनीति तथा कार्ययोजना, २०८१ स्वीकृत गरी लागू गर्ने । | | |
| १० | करिडोरको ट्याक खोल्ने कार्यलाई निरन्तरता एवं प्रभावकारी ढंगवाट अगाडि बढाउने सम्वन्धमा | साविक समयदेखि निरन्तर रुपमा कार्य संचालन भई रहेको बिष्णुमति लगायतका नदीहरुमा ट्याक खोल्ने कार्यलाई निरन्तरता दिदै सो कार्यलाई थप सशक्त ढंगबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जाने । करिडोरको बाँकी खण्ड नापी कार्यालय टोखासंगको समन्वयमा नापजाँच गर्ने कार्यको लागि नगरपालिकाबाट गठित नापी टोलीलाई परिचालन गर्ने । काठमाडौं उपत्यका विकास प्राधिकरण र अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समितिले जारी गरेको सार्वजनिक सूचनाको कार्यान्वयन गर्न सम्वन्धित वडा मार्फत नदी उकासमा रहेका संरचना हटाउने सूचना/ जानकारी सरोकारवाला पक्षलाई गराउने । | | |
| ११ | विष्णुमति नदी सरसफाई अभियानलाई थप प्रभावकारी वनाउने सम्वन्धमा | हरेक हप्ता शनिबार विहान ६:३० बजे देखि संचालन भै रहेको बिष्णुमति सरसफाई अभियानलाई प्रभावकारी बनाउन जनप्रतिनिधि,स्थानीय राजनैतिक दल, उपभोक्ता समिति, लाभग्राही समुह, सरोकारवाला समुह, सरसफाई कर्मी, अभियन्ता,सुरक्षाकर्मी, कर्मचारी, आदि सबैको सक्रिय सहभागितामा कार्यक्रमलाई अगाडि बढाउदै सरसफाई कार्यलाई दीगो बनाउने । करिडोर निर्माण गर्दा नदी किनार तथा नदीको वहाव क्षेत्रमा रहेको माटो,ढुगाँ लगायत अन्य फोहोरहरु जेसिवीको सहायताले निकाली वर्षायाममा हुन सक्ने बाढीजन्य विपदबाट वच्न नदीको वहाव क्षेत्रलाई सहज वनाउने कार्य संचालन गर्ने । | | |
| १२ | कार्यक्रम संचालन | आर्थिक बर्ष २०८१/८२ मा कार्यालय तथा मातहतका निकायबाट संचालन हुने विभिन्न | | |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td>मापदण्ड(नर्म्स)</td><td>कार्यक्रमहरुको संचालन मापदण्ड (नर्म्स) स्वीकृत गरी नगरसभाको १५औं अधिवेशनमा पेश गर्ने ।</td></tr>
<tr><td>१३</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ वमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>रेम्श निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा-३</td><td></td></tr>
<tr><td>२.</td><td>इध्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>३.</td><td>विश्व बज्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा ४</td><td></td></tr>
<tr><td>४.</td><td>बज्रपाणी कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा ३</td><td></td></tr>
<tr><td>५.</td><td>आरिका एण्ड आरोन बिल्डर्स प्रा.लि</td><td>टोखा न.पा ४</td><td></td></tr>
<tr><td>६.</td><td>एसर कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा ४</td><td></td></tr>
<tr><td>७.</td><td>साध्य कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा ४</td><td></td></tr>
<tr><td>८.</td><td>नागेश्वर बाबा बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा ०९</td><td></td></tr>
<tr><td>९.</td><td>खुर्पेटो कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा १०</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>१४</td><td>वडा नं. ९,१० र ११ को वीचमा रहेको वीच विनायक गणेश पाटी स्थानान्तरण सम्वन्धमा</td><td>१. टोखा नगरपालिका वडा नं. ९,१० र ११ को वीचमा रहेको विच विनायक गणेश मन्दिरको छेउ (साईड) मा रहेको वीच विनायक गणेश पाटी गणेश मन्दिर संगसंगै स्थापना भएकोले सो पाटी तथा भजन घरको ऐतिहासिकतालाई समेत जोगाई राख्न गणेश पाटी तथा भजनघरलाई १० नं. वडा कार्यालय भवनको भुई तल्लामा स्थानान्तरण गर्ने ।<br>२. १० नं. वडा कार्यालयको भुई तल्लामा रहेको आधारभूत शहरी स्वास्थ्य केन्द्रलाई साविकको रेडक्रस भवनमा स्थानान्तरण गर्ने ।<br>३. १० नं. वडा कार्यालय भवनको भुई तल्लालाई गणेशपाटी/ भजनघर संचालन गर्ने प्रयोजनको लागि मौलिक,सांस्कृति, ऐतिहसिकता झल्कने गरी कलात्मक ढंगबाट स्वरुप परिवर्तन गरी सामाजिक हितमा प्रयोग गर्ने गरी वीच विनायक गणेश मन्दिर मूल समिति(गुठीयार)लाई हस्तान्तरण गर्ने ।उक्त कार्यको लागि लाग्ने लागत रकम रु. ९६००००/- को स्रोत आगामी नगरसभाबाट सुनिश्चितता गर्ने गरी हाल निर्माण कार्य अगाडि वढाउने ।<br>४. १० नं. वडा कार्यालय भवन उपयुक्त स्थानमा निर्माण गरे पश्चात आवश्यकताको आधारमा हालको वडा भवनको पहिलो तल्ला समेत गणेश पाटी भजन घरलाई सामुदायिक हितका विभिन्न क्रियाकलापहरु संचालनको लागि उपलव्ध गराउने ।<br>५. विच विनायक मन्दिर संचालनको दिगो व्यवस्थापनको लागि प्रचलित कानुन वमोजिम अक्षय कोष नगरपालिका र पाटीसंगै प्रत्यक्ष सरोकार राख्ने जग्गाधनी, स्थानीय सरोकारवाला, गणेश मन्दिरका गुठीयारहरु र नगरपालिकाका जनप्रतिनिधिहरुको सहकार्यमा उपयुक्त स्थानमा मौलिकता झल्कने कलात्मक फाल्चा/ स्तम्भ निर्माण गर्ने । उक्त निर्माण कार्यको लागि लागत अनुसार अनुसारको रकम रु. ९२२०००/- आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी हाल निर्माण कार्य अगाडि वढाउने ।<br>६. माथि उल्लेखित क्रियाकलाप संचालनको लागि आवश्यक पर्ने बजेट व्यवस्थापनको लागि आगामी नगरसभाबाट विनियोजिन गर्ने गरी नगरसभामा पेश गर्ने ।</td></tr>
</table>

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १५ | विविध | १. वालविकास कक्षा देखि कक्षा ३ सम्मको लागि स्थानीय विषय अन्तर्गत नेपाल भाषाको पाठ्यपुस्तक विकास गर्न एघारौं नगरकार्यपालिका बैठकले गठन गरेको कार्यदलले पेश गरेको नेपाल भाषाको पाठ्यपुस्तक ( कक्षा- ३ सम्म) स्वीकृत गरी चालु शैक्षिक बर्ष देखि लागू गर्ने ।<br>२. टोखा नगरपालिका सम्पूर्ण संस्थागत तथा सामुदायिक विद्यालयहरुमा अपराध नियन्त्रण सम्वन्धी नेपाल प्रहरीले निर्माण गरेको पाठ्य पुस्तक विद्यार्थी सचेतनूलक पाठ्य सामाग्री, २०८१ लागू गर्ने । साथै, पाठ्यसामाग्री छपाई गरेवापत सम्वन्धित व्यवसायीलाई तेह्रौं नगरसभाबाट स्वीकृत वार्षिक योजना किताको सि.नं. ७९ (शैक्षिक पाठ्यक्रम, पठन सामाग्री तथा निर्देशिका विकास तथा छपाई) मा विनियोजित रकम मध्येबाट विल बमोजिमको रकम रु. २ लाख ५० हजार उपलव्ध गराउने ।<br>३. टोखा नगरपालिका वडा नं. ३ मा अवस्थित जनज्योति पुस्तकालयलाई सामुदायिक पुस्तकालयको अवधारणा अनुसार संचालन हुने गरी पुस्तकालय संचालन अनुमति प्रदान गर्ने<br>४. टोखा नगरपालिका वडा नं. १ साविक झोरमहाँकाल गा.वि.स वडा नं.३ क कि.नं. ७८ को क्षे.फ.०-४-२-० को जग्गाधनी वुलाल मर्हजन र सिद्धिलाल महर्जनको नाममा दर्ता रहेको जग्गामा विगत ३० बर्ष अगाडि देखि गणेश मन्दिर निर्माण भएको र सोहि स्थानमा पाटी निर्माण गर्नको लागि जग्गाधनीले मन्जुरी समेत गरेको,वडा कार्यालय वडा नं. १ को सिफारिसबाट कुनै वाधा अड्चन नआउने व्यहोराको सिफारिस समेत प्राप्त भएकोले उक्त कित्ता जग्गामा साविक मन्दिर रहेको स्थान संगै मालुङ्ग गणेश मन्दिर पाटी निर्माणको लागि आगामी आर्थिक बर्षमा रु. २० लाखको श्रोत सुनिश्चित हुने गरी मालुङ्ग गणेश मन्दिर पाटी निर्माणको प्रकृया अगाडि बढाउने ।<br>५. तेह्रौ नगरसभाको सि.नं. ३६६ मा स्वीकृत कुलाडिल वंधेली खोला सम्म सडक स्तरोन्नती ( तल्लाघरे) आयोजना कार्यान्वयनको लागि वडा नं. १ स्थित वडुगाउँको कुलाडिला देखि तल्लाघरे टोल हुदै तारकेश्वर १ को सीमा छुट्याउने वंधेलीखोला सम्म पुग्ने मोटरबाटोको दायाँवायाँ रिटेनिङ्ग/ प्लम वाल लगायतका कार्य गर्ने गरी वोडे गाउँ सडक निर्माण उपभोक्ता समिति मार्फत सम्झौता भई लागत अनुमान अनुसारको निर्माण कार्य अगाडि बढेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/१०/२१, च.नं. Div2-40834 को पत्रानुसार आवश्यक छानविनको लागि नगरकार्यपालिकाको मिति २०८०-११-११ को बैठकबाट छानविन समिति गठन भएकोमा उक्त समितिको मिति २०८०-१२-१९ को बैठकबाट स्थानीयबासी एवं सरोकारवालाहरुको उपस्थितमा सर्जमिन बमोजिम आवश्यकता अनुसार साविकमा भएको गोरेटोबाटोलाई तारकेश्वर नगरपालिकाको क्षेत्र सम्म जोड्ने गरी धार्मिक र पर्यटकीय दृष्टिकोणबाट समेत जरुरी रहेकोले सडक स्तरोन्नती अगाडि बढेको, उल्लेखित स्थानको नापी नक्सामा साविकमा गोरेटोबाटो रहेको हुदाँ अ.दु.अ.आ.को उजुरीमा उल्लेखित विषय आधारहिन रहेको देखिएकोले उक्त आयोजना कार्यान्वयन प्रकृया अगाडी बढाई सो को जानकारी सम्वन्धित निकायमा पठाउन सिफारिस भई आएकोले माग भए बमोजिमको व्यहोरा उल्लेख गरी सम्वन्धित निकायमा जानकारी गराउन सिफारिस भएकोले छानविन समितिको बैठकको निर्णय, वडा कार्यालयको मिति |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| | | २०८०-११-३, च.नं. १५२८ को सिफारिस पत्र तथा सो साथ संलग्न सर्जमिन मुचुल्का, मालपोत कार्यालय टोखाबाट मिति २०८१-२-३१, च.नं. ३८५१ को जग्गाधनी श्रेष्ता, नापी कार्यालय टोखाको मिति २०८१-२-३०मा जारी ब्लुप्रिन्ट नक्सा समेतका कागजातको आधारमा राजकूलो मासेर निर्माण कार्य भएको भन्ने व्यहोराको उजुरी पुष्टि नभएकोले नगरसभाबाट स्वीकृत भई नगरपालिकासंग सम्झौता समेत भई कार्यान्वयनमा रहेकोमा मिति २०८०-११-१ को पत्रानुसार निर्माण कार्य रोक्का रहेको उक्त आयोजनाको सम्झौता बमोजिमको बाँकी कार्य सम्पादन गर्न सम्वन्धित उपभोक्ता समितिलाई अनुमति दिने, स्वीकृत लागत अनुमान बमोजिमको कार्य सम्पन्न गराई सम्पन्न भएको कामको मूल्याङ्कन गरी भुक्तानी प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिई यस निर्णयको व्यहोरा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंलाई जानकारी गराउने ।<br>६. नगरकार्यपालिकाको मिति २०८१ जेठ ३० को बैठकको रकमान्तर सम्वन्धी निर्णय (निर्णय नं. १० (१)) बमोजिम नगरसभाबाट स्वीकृत वार्षिक योजना किताबको सि.नं. ८६२ र १०४६ मा रहेका आयोजनाहरुको लागि विनियोजित रकम मध्येबाट रकमान्तर हुने ।<br>७. तेह्रौं कार्यपालिका बैठकबाट घरेलु तथा साना उद्योगसंघले आयोजना गर्ने औधोगिक प्रदर्शनी मेलाको लागि नगरपालिका भित्र रहेका स्थानीय उद्यमीहरुले उत्पादन गरेको सामाग्रीहरु रहनेगरी ५ वटा स्टल राख्नको लागि प्रति स्टल रु ३५ हजारका दररले रकम विनियोजन भएकोमा उक्त विनियोजित रकम तेह्रौं नगरसभाको सि.नं. २०७ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>८. टोखा नगरपालिका वडा नं. १ स्थित झोरमहाँकाल माध्यामिक विद्यालयको छाना मर्मतको लागि तेह्रौं नगरसभाको मर्मत संभार शिर्षकमा (सि.नं. २७०) विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम उपलव्ध गराउने गरी विद्यालय भवनको छाना मर्मतको प्रकृया अगाडि बढाउने ।<br>९. लायन्स अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ आई, नेपालको महाधिवेशनमा नगरपालिकाको जानकारी मूलक सूचना/ सन्देश प्रकाशन गरे वापतको रु २० हजार छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकबाट सम्वन्धित संस्थालाई उपलव्ध गराउने ।<br>१०.मिति २०८०-११-११ को नगरकार्यपालिका बैठकबाट सूचना जानकारी तथा सन्देशमूलक समाचार प्रकाशन प्रशारणका लागि लालिगुराँस फाउण्डेशलाई रकम विनियोजन भएकोमा उक्त विनियोजित रकमबाट नगरपालिकाको विविध विषय झल्कने वृत्तचित्र निर्माण गर्ने गरी कार्यक्रम संशोधन गर्ने ।<br>११.विपन्न दलित तथा अल्पसंख्यक स्वरोजगार एकिकृत वासिङ्ग एण्ड क्लिन एक्सेसरिज उत्पादन व्यावसायीक तालिम तथा शसक्तिकरण जागरण प्रशिक्षण कार्यक्रम संचालनको लागि रु ५ लाख विनियोजन गर्ने ।<br>१२.वडा नं. ३ मा रहेको तुख्य तेक्वान्दो डोजाङ्ग सातौं अन्तराष्ट्रिय तेक्वान्दो च्याम्पियन मा भाग लिने खेलाडि चार जनालाई यातायात खर्च वापत एकमुष्ट रु ४८ हजार तेह्रौं |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | नगरसभाको सि.नं. २६६ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>१३. वडा नं. ८ को मिति २०८१-२-३१, च.नं. ३९०८ को पत्रानुसार वडा नं. ८ स्थित खेम नारायण चालिसेको घरमा मिति २०८१-२-१३ गते राती आगलागी भई नोक्सान भएकोले क्षतिपूर्तिको लागि सिफारिस भई आएकोले निजलाई रु ४० हजार तेह्रौं नगरसभाको खर्च शिर्षक नं. २७११२ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>१४. निजामति कर्मचारीहरु वीच अन्तरक्रिया कार्यक्रम संचालन गरे वापत ट्रेड यूनियन इन्टरनेशनल पव्लिक सर्भिस एण्ड एलाईडलाई रु ७५ हजार कार्यक्रम खर्च शिर्षकबाट सहयोग उपलव्ध गराउने ।<br>१५. सुचीदर्ता सफ्टवेयर (PAMS) को सहयोगीको AMC वापतको रकम रु. २५०००/- Horizon Infotch लाई भुक्तानी उपलव्ध गराउने ।<br>१६. नगरसभाको चौधौं अधिवेशन बैठकबाट स्वीकृत सि.नं. १२६ को गौतमको घर देखि किट कलेज सम्मको रिटेनिङ वाल निर्माण शिर्षकको आयोजना मिति २०८०-१२-२० मा बिष्णुमति गैह्रीगाउँ उपभोक्ता समितिसंग सम्झौता भएकोमा उक्त आयोजना हाल सम्म संचालन नगरेकोले उल्लेखित उपभोक्ता समितिसंगको सम्झौता रद्दगरी बिष्णुमति गैह्रीगाउँ उपभोक्ता समितिलाई जानकारी दिने ।<br>१७. दशौं नगरकार्यपालिकाको बैठकबाट जिल्ला प्रशासन कार्यालयमा सिसिटिभि जडानको लागि सहयोग अनुदान निकासा गर्ने निर्णय भएकोमा सो कार्य नगरपालिका मार्फत नै गरिदिने गरी जिल्ला प्रशासन कार्यालयको मिति २०८१-२-३,च.नं. ३२८९ को पत्रबाट सिफारिस भई आएकोले सोहि अनुसार यस कार्यालयबाट जिल्ला प्रशासन कार्यालयमा सिसिक्यामेरा जडान गर्ने कार्य अघि बढाईएकोले साविकमा विनियोजित रकमबाट जिल्ला प्रशासन कार्यालयको कार्यसम्पन्न सिफारिस एवं प्राविधिक मूल्याङ्कन समेतको आधारमा सुनिर कन्स्ट्रक्सन एण्ड सप्लायर्स, टोखालाई भुक्तानी उपलव्ध गराउने ।<br>१८. वडा नं. ८ को सृजनशिल टोलमा जडित सुरक्षा साईरन मर्मत कार्यको वडाको सिफारिस बमोजिम प्राप्त विल अनुसारको रकम रु २५३४९/३६ Technology Sales pvt.Ltd., Kathmandu लाई मर्मत संभार शिर्षकबाट भुक्तानी उपलव्ध गराउने ।<br>१९. यस नगरपालिका क्षेत्रमा पर्ने संघीय सासंद तथा प्रदेश सभा सदस्य सहित टोखा नगरपालिकाका प्रमुख लगायतको सहभागितामा पालिका सवाल मिडिया मार्फत संचालन भएको पालिका सवाल टेलिभिजन कार्यक्रम निर्माण तथा प्रसारण कार्यक्रम सम्पन्न भएकोले पालिका सवाल मिडियालाई खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु. १ लाख भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>२०. मिति २०८१ जेठ ३१ गते देखि असार १ गते सम्म सितापाईला चोक,सेल्सवेरी काठमाडौंमा आयोजित लघु,घरेलु,साना,महिला र कृषक उद्यमीका उद्पादनहरुको काठमाडौं जिल्लास्तरीय कृषि तथा स्वदेशी उत्पादित वस्तुहरुको वृहत प्रदर्शनी कार्यक्रम सम्पन्न गरे वापत घरेलु तथा साना उद्योग संघलाई कार्यक्रम संचालन खर्च सहायता वापत रु २० हजार तेह्रौं नगरसभाको सि.नं. २०७ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध |

<table>
<tr><th>क्र. सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
गराउने ।<br>
२१. नगरपालिकाको विभिन्न पदाधिकारी/कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।
<table>
<tr><th>क्र.स</th><th>सवारीको विवरण</th><th>भुक्तानी गर्नु पर्ने रकम</th><th>सवारी प्रयोगकर्ता/ चालक/ मर्मत भएको पार्ट</th></tr>
<tr><td>१</td><td>वा. १६ झ. १६५१ ( स्कारपियो)</td><td>७१८६८/-</td><td>बाबुकाजी श्रेष्ठ</td></tr>
<tr><td>२</td><td>वा २ व २५५३ ( मोटरसाईकल)</td><td>६१३५/-</td><td>रनलाल कुलाल</td></tr>
<tr><td>३</td><td>वा २ झ ३७६६ ( टाटासुमो)</td><td>५९७५६/-</td><td>रामलाल श्रेष्ठ</td></tr>
</table>
</td></tr>
<tr><td>१६</td><td>वडा नं. ३ को साविकमा भएको कार्यको भुक्तानी सम्वन्धमा</td><td>
१. टोखा नगरपालिका वडा नं. ३ का तपशिल बमोजिमका विभिन्न स्थानमा सडक ग्राभल,मर्मत संभार, वडा भवन मर्मत,ढल मर्मत लगायत अन्य विभिन्न कार्यहरु विभिन्न मितिमा लागत अनुमान स्वीकृति बिना तथा नगरपालिकासंग आयोजना संचालन स्वीकृत/ सम्झौताको प्रकृयामा नआई सम्वन्धित वडाका वडाध्यक्षको प्रत्यक्ष मौखिक निर्देशनमा तत्काल गर्नु पर्ने काम भएकोले वडा सचिव मार्फत अमानतमा काममा लगाईएको, सो वापतको रकम हाल सम्म भुक्तानी नभएको, निर्देशन अनुसारको कार्य गुणस्तरीय काम भएको भनि भुक्तानीको लागि वडाबाट पेश भएको, स्थलगत फिल्ड निरीक्षण गर्दा निर्देशन बमोजिमको कार्य गुणस्तरीय रुपमा सम्पन्न भएको देखिदाँ लागत अनुमान तयारी र सम्झौता कार्यालयको स्वीकृति बिनै काम गर्न लगाउने प्रकृयागत त्रृटिको लागि नगरकार्यपालिकाका सदस्यहरु सामुहिक रुपमा जवाफदेही र जिम्मेवार हुने गरी फिल्डमा भएको कामको नापजाँच गरी प्राविधिकले तयार पारेको नापी किताबको आधारमा तयार भएको रु. ८९७४०८.९४ (भ्याट बाहेक) बराबरको मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी वडा कार्यालयको सिफारिसको आधारमा सम्वन्धित वडा सचिवलाई मूल्याङ्कन बमोजिमको रकममा नियमानुसार कट्टी गर्नु पर्ने रकम कट्टी गरी भुक्तानी गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>
कार्य भएका स्थानहरु:
<table>
<tr><th>सि.नं.</th><th>स्थान</th><th>कार्य</th><th>नापी किताबको आधारमा मूल्याङ्कन रकम (भ्याट वाहेक)</th><th>कै .</th></tr>
<tr><td>१</td><td>धनेश्वरबाट साङ्गले खोला करिडोर जाने बाटोमा मैया थापाको घर अगाडिको सडक</td><td>सडक मर्मत कार्य</td><td>१००९०५.३५</td><td></td></tr>
<tr><td>२</td><td>टोखायाचा पार्क जाने बाटो</td><td>ग्रावेल राख्ने कार्य</td><td>३०३८२.९१</td><td></td></tr>
</table>
</td></tr>
</table>

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३ | टोखा बाईपास सडक | खानेपानीको पाईप हाल्ने कार्य | ८८१७१.३३ | |
| ४ | | मेनहोल कभर | ४७०९६.९८ | |
| ५ | एकल महिला भवन | मर्मत कार्य | १६४३३२.३५ | |
| ६ | विष्णुमति करिडोर सडक | ग्राभेल राख्ने कार्य | ३००८१६.३७ | |
| ७ | सरस्वती स्कुल अगाडि | सडक ढलान | १२८८७४.०४ | |
| ८ | गणेशस्थान जाने सडक | ढकन राख्ने कार्य | ११८२९.६ | |
| ९ | वडा कार्यालय | विद्युतिय कार्य | २५००० | |

२. वडा नं. ३ स्थित भूतखेल चौरमा अवस्थित भूतखेल पाटी निर्माण को लागि आ.व.२०७८/७९मा भव्य टोल विकास संस्थासंग सम्झौता भई केहि कार्यको रनिङ्ग विल भुक्तानी भई सम्झौता मध्ये बाँकी कामको अन्तिम बिल बमोजिमको रकम रु - ५१६८४९.१७ को मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी मूल्याङ्कन बमोजिमको रकममा नियमानुसार कट्टा गर्नु पर्ने रकमहरु कट्टागरी बाँकी रकम भुक्तानी गर्ने । साथै सोहि पाटी निर्माण अन्तर्गत लागत अनुमानमा नसमेटिएको थप कार्य समेत तत्काल गर्नु पर्ने भई लागत अनुमान स्वीकृति बिना तथा नगरपालिकासंग आयोजना संचालन स्वीकृति/ सम्झौताको प्रकृयामा नआई सम्वन्धित वडाका वडाध्यक्षको प्रत्यक्ष मौखिक निर्देशनमा तत्काल गर्नु पर्ने काम भएकोले सम्झौतामा नसमेटिएको थप कार्यको लागि भव्य टोल विकास संस्थालाई काममा लगाईएको, स्थलगत फिल्ड निरीक्षण गर्दा निर्देशन बमोजिमको कार्य गुणस्तरीय रुपमा सम्पन्न भएको भनि वडा कार्यालयबाट पत्राचार भएको, फिल्ड निरीक्षण गर्दा निर्देशन बमोजिमको कार्य गुणस्तरीय रुपमा सम्पन्न भएको देखिदाँ लागत अनुमान तयारी र सम्झौता/ कार्यालयको स्वीकृति विनै भएको थप काम गर्न लगाउने प्रकृयागत त्रृटिको लागि नगरकार्यपालिकाका सम्पूर्ण सदस्यहरु सामुहिक रुपमा जिम्मेबार हुने गरी साविक सम्झौता हुदाँका बखत स्वीकृत लागत अनुमानमा उल्लेखित कामको अतिरिक्त फिल्डमा भएको थप कामको नापजाँच गरी प्राविधिकले तयार पारेको नापी किताबको आधारमा तयार भएको रु ९१४८६५.६८ बराबरको मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी वडा कार्यालयको सिफारिस समेतको आधारमा सम्वन्धित भव्य टोल विकास संस्था लाई मूल्याङ्कन बमोजिमको रकममा नियमानुसार कट्टी गर्नु पर्ने रकम कट्टी गरी सम्वन्धित शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने

१७ Foreign Affairs Office of Jining Municipal Governement, Shandong, PR China बाट सम्पूर्ण खर्च (हवाई यातायात, वसोवास तथा खाना आदि) व्यहोर्ने व्यहोराको निमन्त्रणामा सन् २०२४ अगष्ट २ देखि १२ सम्म निम्न पदाधिकारी तथा कर्मचारीहरुको विदेश भ्रमण स्वीकृतिको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने ।

निम्नः-

श्री प्रकाश अधिकारी- नगर प्रमुख

श्री मुरारी तामाङ- नगर उपप्रमुख

श्री शेर बहादुर बि.सी- प्रमुख प्रशासकीय अधिकृत

श्री बसन्त पाठक — सूचना प्रविधि अधिकृत

१८ श्री मालिकार्जुन नमुना माध्यमिक विद्यालय, महाकाली न.पा.-७ को मिति २०८१-१-३१, च.नं. ९७ को पत्रानुसार यस कार्यालयमा १०० दिने कार्यगत तालिम (O.J.T) मा सहभागि हुने प्राविधिक तथा व्यवसायीकधार सिभिल इन्जिनियरिङ्ग तर्फ कक्षा १२ मा अध्ययनरत विद्यार्थी श्री आयुस सिंह पेलालाई नगरपालिकाको पूर्वाधार विकास शाखा अन्तर्गत रही पूर्वाधार सम्वन्धी कार्यमा नगरपालिकाको कर्मचारीसंग संगै फिल्डमा खटिए वापत २०८१/०२/०६ देखि १०० दिन सम्म प्रतिदिन रु. ५००/- का दरले यातायात खर्च उपलव्ध गराउने ।

१९ नगरसभाको तेह्रौं/ चौधौं अधिवेशनबाट खर्च शिर्षक नं. ३१११२ (गैर आवासीय भवन निर्माण/ खरिद, बार्षिक योजना किताबको सि.नं. ७३०) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. ३११५१ ( सडक तथा पुल निर्माण) ठेक्का नं. 17/NCB/TM/W/2080-81 वडा नं. ६ का विभिन्न सडकहरु स्तरोन्नती) मा रकम रु. १३५२९८०.१२ रकमान्तर गरी चालु आ.व २०८०/८१ को ठेक्का नं .17/NCB/TM/W/2080-81 को )वडा नं. ६ का विभिन्न सडकहरु स्तरोन्नतीकार्यको ( नपुग रकम रु 1352980.12 .को स्रोत सुनिश्चितता गर्ने गरी ठेक्काको कायदिश दिईएकोमा उक्त रकम खर्च शिर्षक नं. ३११५१ ( सडक तथा पुल निर्माण) ठेक्का नं. 17/NCB/TM/W/2080-81 वडा नं. ६ का विभिन्न सडकहरु स्तरोन्नती) मा विनियोजित रकम मध्येबाट विनय निर्माण सेवालाई भुक्तानी गर्ने ।

२० नगरसभाको तेह्रौं/चौधौं अधिवेशनबाट खर्च शिर्षक नं. २२५२२ ( कार्यक्रम खर्च बार्षिक योजना किताबको सि.नं. १५२) मा विनियोजित रकम टोखा नगरपालिकाका सुत्केरीहरुलाई पोषण खर्च वितरण क्रियाकलापमा विनियोजित रकम मध्ये रु १० लाख बार्षिक योजना किताबको सि.नं. १२४ मेयर दिर्घायू स्वास्थ्य नि शुल्क स्वास्थ्य परीक्षण कार्यक्रम Prostate Gland Test समेत शिर्षकमा रकमान्तर गरी मेयर दिर्घायू स्वास्थ्य नि शुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा नपुग रकम खर्च गर्ने ।

२१ नगरसभाको तेह्रौं/ चौधौं अधिवेशनबाट खर्च शिर्षक नं. ३१११२ (गैर आवासीय भवन निर्माण/ खरिद, बार्षिक योजना किताबको सि.नं. ३३०, बिडारीगाउँ सामुदायिक भवन निर्माण) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. ३११५१ ( सडक तथा पुल निर्माण) मा रकम रु. १५ लाख रकमान्तर गरी आगामी आ.ब. २०८१/८२ मा स्रोत सुनिश्चित गरी भुक्तानी दिने भनि कार्यान्वयनमा रहेको जगात काफ्ले टोल मोटरबाटो निर्माण कार्यको जगत देखि काफ्ले टोल सडक निर्माण उपभोक्ता समितिलाई उक्त रकम खर्च शिर्षक नं. ३११५१ (सडक तथा पुल निर्माण) जगत देखि काफ्ले टोल सडक निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्ने ।

२२ नगरसभाको तेह्रौं/ चौधौं अधिवेशनबाट खर्च शिर्षक नं. ३११५९ (अन्य सार्वजनिक निर्माण, बार्षिक योजना किताबको सि.नं. ५०५, टोखा चाकु स्तम्भ निर्माण/चाकुको गुणस्तर जाँच) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. ३११५१ ( सडक तथा पुल निर्माण) मा रकम रु. १५ लाख रकमान्तर गरी आगामी आ.ब.२०८१/८२ मा स्रोत सुनिश्चित गरी भुक्तानी दिने भनि कार्यान्वयनमा रहेको वडा नं. ३ स्थित ईकगलमा पहिरो रोकथाम एवं ढल निकास कार्यको उक्त रकम खर्च शिर्षक नं. ३११५८ (सरसफाई संरचना निर्माण) बाट देक्वो दाजुभाई टोल विकास संस्थालाई भुक्तानी गर्ने ।

२३ नगरसभाको तेह्रौं/ चौधौं अधिवेशनबाट खर्च शिर्षक नं. ३११५९ (अन्य सार्वजनिक निर्माण, बार्षिक योजना किताबको सि.नं. ५२२, ग्राण्डीभिल्लाको पूर्व-उत्तर तर्फको सार्वजनिक जग्गामा पार्क पूर्वाधार निर्माण) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. ३११५१ ( सडक तथा पुल निर्माण) मा रकम रु. २० लाख रकमान्तर गरी आगामी आ.ब. २०८१/८२ स्रोत सुनिश्चित गरी भुक्तानी दिने भनि कार्यान्वयनमा रहेको बखुन्डोल सडक खण्डको दाँयाँ बायाँ पर्खाल एवं सडक व्यवस्थित गर्ने कार्य कार्यको उक्त रकम खर्च शिर्षक नं. ३११५१ ( सडक तथा पुल निर्माण)बाट बखुन्डोल प्रगति टोल विकास संस्थालाई भुक्तानी गर्ने ।

२४ टोखा नगरपालिका वडा नं. १० मा रहेको साविक रेडक्रस संचालनमा रहेको भवनमा हाल आधारभूत शहरी स्वास्थ्य केन्द्र वडा नं. १० संचालन गर्न लागिएकोले उक्त भवनको मर्मत संभार लगायतका विविध कार्यको लागि रु १० लाख विनियोजन गरि नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी प्राविधिक लागत अनुमान अनुसार छिट्टो प्रकृया मार्फत निर्माण कार्य अगाडि बढाउने ।

२५. तपशिल बमोजिम नगरसभाको तेह्रौं/चौधौं अधिवेशनबाट विभिन्न खर्च उपशिर्षक/क्रियाकलापमा विनियोजन भई वचत भएको रकम मध्येबाट रकम नपुग भएको बजेट उपशिर्षकमा रकमान्तर गरी सम्वन्धित खर्च उपशिर्षक अन्तर्गत विभिन्न क्रियाकलापमा भएको खर्च भुक्तानी गर्ने ।

| क्र.स. | साविकमा विनियोजित खर्च संकेत | साविकमा विनियोजित खर्च उप शिर्षक | क्रियाकलाप (बार्षिक योजना किताबको सि.नं.) | रकमान्तर हुने रकम (रु. हजारमा) | रकमान्तर हुने खर्च संकेत | रकमान्तर हुने खर्च उपशिर्षक | क्रियाकलाप | विनियोजन हुने रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २१२११ | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन रकम (२२९) | ४५०० | ३११२२ | मेसिनरी तथा औजार | कार्यालय प्रयोजनको लागि कम्प्युटर लगायत विभिन्न मेसिनरी तथा औजार खरिद | ४००० | |
| | | | | | ३११२३ | फर्निचर तथा फिक्स्चर्स | कार्यालय प्रयोजनको लागि विभिन्न फर्निचर तथा फिक्सचर्स सम्बन्धी सामाग्री खरिद | ५०० | |
| २ | ३११३५ | पुर्जीगत परामर्श खर्च | पानी पुनरभरण पोखरी/ ड्याम निर्माणको लागि सम्भाव्यता अध्ययन( विस्तृत परियोजना प्रस्ताव) (२३४) | २००० | ३११२३ | फर्निचर तथा फिक्स्चर्स | कार्यालय प्रयोजनको लागि विभिन्न फर्निचर तथा फिक्सचर्स सम्बन्धी सामाग्री खरिद | २००० | |
| ३ | २२७११ | विविध खर्च | राष्ट्रिय तथा | १५०० | ३११२३ | फर्निचर | कार्यालय | ५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अन्तराष्ट्रिय नगरहरुसंग भगिनी सम्वन्ध स्थापना (२४३) | | | तथा फिक्स्चर्स | प्रयोजनको लागि विभिन्न फर्निचर तथा फिक्सचर्स सम्बन्धी सामाग्री खरिद | | |
| | | | | | २११२१ | पोषाक | नगर प्रहरीलाई तालिम प्रयोजनको लागि पोशाक खरिद | १००० | |
| ४ | २२२१४ | वीमा तथा नविकरण खर्च | जनप्रतिधि कर्मचारी सामुहिक दुर्घटना वीमा कार्यक्रम संचालन (२४१) | २००० | २११३५ | कर्मचारी पोत्साहन तथा पुरस्कार | कर्मचारीलाई प्रोत्साहन भत्ता | २००० | |
| ५ | २२५२९ | विविध कार्यक्रम खर्च | भू-उपयोग क्षेत्र वर्गीकरण (२३१) | १५०० | २२५२९ | विविध कार्यक्रम खर्च | विभिन्न धार्मिक, सौंस्कृतिक कियाकलाप संचालनको लागि सामाग्री वितरण | १५०० | |
| ६ | २२५२२ | कार्यक्रम खर्च शिर्षक | वालमैत्री नगर घोषणा तयारीको आधार निर्माण विविध कार्यक्रम (१९९) | १२०० | २२३१५ | पत्रपत्रिका ,छपाई तथा सूचना प्रकाशन खर्च | नगरपालिकाका ५ वटै विकास क्षेत्रका विभिन्न गतिविधिहरु समेटिएको पाश्चचित्र निर्माण/ एवं अन्य कार्यहरु समेत | १२०० | |
| ७ | २२३१५ | पत्रपत्रिका ,छपाई तथा सूचना प्रकाशन खर्च | शैक्षिक पाठ्यक्रम, पठन सामग्री तथा निर्देशिका विकास तथा छपाइ (७९) | २५० | २८१४२ | घर भाडा | नगरपालिका र अन्तर्गतका कार्यालयहरुको घरभाडा | २५० | |

२६. नगर कार्यपालिकाको मिति २०८० मंसिर १४ को बैठकवाट नगरपालिकामा कार्यरत नगर प्रहरीहरुलाई विभिन्न पोशाक उपलव्ध गराउने सम्बन्धी निर्णयमा शुरु नियुक्तिमा २/२ जोर ड्रेस तथा अन्य सामाग्रीहरु भनी उल्लेख भएकोमा सोको सट्टा शुरु नियुक्ति तथा तालिमको समयमा समेत २/२ जोर ड्रेस तथा अन्य सामाग्रीहरु उपलव्ध गराउने गरी निर्णय

संशोधन गर्ने । नगर प्रहरीलाई विभिन्न पोशाक तथा तालिम सामाग्री उपलब्ध गराएवापत सम्बन्धित सप्लायर्सलाई बिल बमोजिमको रकम भुक्तानी उपलब्ध गराउने ।

२७ हाल ठेक्का प्रकृयामा रहेको Metric Adressing System ( घर नम्बर वितरण प्रणाली) सम्बन्धी परामर्श सेवाको बार्षिक मर्मत संभार खर्च (AMC) निर्धारण गर्ने प्रयोजनको लागि यसै साथ संलग्न लागत अनुमानलाई स्वीकृत गरी सो लागत अनुमानको १५ प्रतिशतका दरले हुने गरी AMC रकम तोक्ने ।

२८ प्रहरी प्रभाग नयाँवसपार्कको संचालनमा रहेको बा.२.झ ४८२६ नम्बरको सवारी सधान मर्मतको विल अनुसारको रकम रु . ९७७४५/- विष्णु वर्कसप प्रा.लि, वालाजु काठमाडौंलाई कन्टिजेन्सी शिर्षकबाट भुक्तानी उपलब्ध गराउने ।